मिति: २०८२/०४/ ११

श्री माननीय मन्त्रीज्यू
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
काठमाण्डौँ, नेपाल

विषय: अनुरोध पत्र

निरोगी नेपाल अर्थात स्वस्थ नेपालको आधार स्तम्भ भने कै समग्र जीवन र जगतलाई बुझ्न र आफ्नो स्वास्थ्यको हेरचाह आफै गर्न सक्ने गरी नागरिकहरूलाई सशक्तीकरण गर्नु हो । जीवनको शुरवाती चरणमै आम नागरिकको स्वास्थ्य चेतनाको स्तर बढाउन उनीहरूलाई प्रदान गरिने शिक्षा समग्रतामा आधारित तथा व्यवहारिक हुनुपर्छ ।

तसर्थ प्रत्येक व्यक्तिको समग्र स्वस्थ जीवनको आधार तयार गर्न सक्ने बृहत यौनिकता शिक्षालाई पाठ्यक्रममा नै समावेश गरिने कुरा विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८८ को बुँदा नं ५.३.५ अन्तर्गतको मुख्य क्रियाकलाप बुँदा नं १.३.४ मा उल्लेख गरिएको छ । नेपाल सरकारको यो प्रयासलाई सहयोग पुग्ने गरी संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष सहित, बृहत यौनिकता शिक्षाको क्षेत्रमा कार्यरत विज्ञ, स्वास्थ्य मन्त्रालय, सरोकारवाला र युवा-किशोरकिशोरीहरूसँगको व्यापक संलग्नतामा सबै उमेर र तह अनुसार के कस्ता विषयहरू समेट्दा उपयुक्त हुन्छ भन्ने सुझाब सहितको प्रतिवेदन तयार गरी शिक्षा मन्त्रालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्रमा बुझाई सकिएको छ । पाठ्यक्रम विकास केन्द्रले राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को मध्यावधि समिक्षा गरिरहेको सन्दर्भमा, जीवनलाई सकारात्मक सोच र स्वस्थताकासाथ बाँच्न सिकाउने बृहत यौनिकता शिक्षा सहितको स्वास्थ्य शिक्षालाई अनिवार्य विषयको रुपमा सबै स्तरमा समावेश गरिनु शिक्षाको राष्ट्रिय लक्ष्य प्राप्तिमा महत्वपूर्ण कदम हुने विश्वास लिंदै यो अनुरोध पत्र पेश गरेका छौं ।

विद्यालयमा बृहत यौनिकता शिक्षा सहितको स्वास्थ्य शिक्षाको समावेशले:

- उत्पादनशील र दक्ष जनशक्ति उत्पादन गर्न सहयोग गर्छ ।
- विद्यालय शिक्षामा विद्यार्थीहरूको निरन्तरता बढ्छ ।
- असुरक्षित तथा जोखिमपूर्ण व्यवहारबाट हुने स्वास्थ्य समस्यामा कमी ल्याई जिम्मेवारिपूर्ण निर्णय लिन सक्ने नागरिक तयार गर्छ ।
- सानो उमेरमा हुने विवाह र यौन सम्बन्ध, असुरक्षित गर्भपतन आदिमा व्यापक कमी आई मातृ तथा नवजात शिशुको मृत्युदरमा कमी आउँछ ।
- पहिलो यौन सम्पर्कको उमेर बढ्नुका साथै यौनजन्य हिंसा, बलात्कार, लैंगिक हिंसा तथा असमानता जस्ता अपराधहरू घट्छन ।
- असुरक्षित यौन सम्पर्कका कारण हुने अनिच्छित गर्भ, एचआईभी तथा यौनजन्य संक्रमण साथै पाठेघरको मुखको क्यान्सर न्यूनीकरण हुन्छ ।
- विद्यालयमा संचालित निशुल्क स्यानिटरी प्याड वितरण कार्यक्रमलाई सफल बनाउन टेवा पुर्याउँछ ।
- लैंगिक मैत्री विद्यालय शिक्षाको वातावरण  निर्माणमा योगदान  दिन्छ ।

- सिमान्तकृत समुदायहरु जस्तै लैंगिक तथा यौनिक अल्पसंख्यक र अपांगता भएका व्यक्तिहरु बिरुद्ध हुने लाञ्छना तथा भेदभाब न्यूनीकरण हुन्छ।

बृहत यौनिकता शिक्षासहितको स्वास्थ्य शिक्षालाई अनिवार्य विषयको रूपमा समावेश गर्नुले शैक्षिक स्तरमा मात्र नभई, परिवार, समाज र समग्र राष्ट्रमा लैङ्गिक समानता, सामाजिक समावेशिता र मानव अधिकारको संरक्षण र प्रवर्धनमा रुपान्तरणकारी सुधार ल्याउनेछ। समग्रमा, नेपाल सरकारले दिगो विकासको लक्ष्य २०३० सम्बन्धमा गरेको अन्तराष्ट्रिय प्रतिबद्धता प्राप्तिका आधार तयार गर्न बृहत यौनिकता शिक्षा सहितको स्वास्थ्य शिक्षाले ठुलो योगदान पुर्याउने कुरा तथ्यांकहरूले समेत प्रमाणित गरिसकेको हुनाले यो विषय नेपालको शिक्षामा समावेश गर्न निम्न उल्लेखित संस्थाहरूको तर्फबाट सामूहिक रुपमा अनुरोध गर्दछौं ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रबिधि मन्त्रालयले हाम्रो अनुरोधलाई सकारात्मक रुपमा कार्यन्वयन गर्ने छ भन्ने विश्वासका साथ:

| संस्था | नाम | हस्ताक्षर |
|---|---|---|
| नेपाल परिवार नियोजन संघ | डा प्रबिन शाक्य | |
| भिजिबल इम्प्याक्ट | शिल्पा लामिछाने | |
| सोसल चेन्जमेकर्स एण्ड इनोभेटर्स (सोचाइ) | नेहा मल्ल | |
| त्रिभुवन विश्वविद्यालय | डा. भगवान अर्याल | |
| गुड नेबर्स ईन्टरनेशनल नेपाल | श्रृजना जोशी | |
| प्लान इन्टरनेशनल नेपाल | निराजन खड्का | |
| राइट हिएर राइट नाउ नेपाल | राजेन्द्र महर्जन | |
| आड्रा नेपाल | सुजित कुमार साह | |
| मरी स्टोप्स ईन्टरनेशनल नेपाल (एमएसआइ) | के पि उपाध्याय | |
| पोपुलेसन सर्भिसेस ईन्टरनेशनल नेपाल (पीएसआइ) | खेमराज श्रेष्ठ | |
| ग्रिन तारा नेपाल | कमल तारा बज्राचार्य | |
| बियोण्ड बेइजिङ कमिटी | कृष्ण कुमारी वाइबा | |
| युवा | बिपना श्रेष्ठ | |

| | | |
|---|---|---|
| लुम (तान नेपाल) | संजिता तिम्सिना | |
| महिला पुनर्स्थापना केन्द्र (ओरेक) | सुनिता मैनाली | |
| स्थानीय एकीकृत बिकास समाज | अजित आचार्य | |
| यूवा साथी शिक्षा संघ नेपाल | निशान्त कुमार | |
| सीप सुचना समाज नेपाल (सीसो) | खुमानन्द सुबेदी | |
| नील हिरा समाज | मनीषा ढकाल | |
| अल इन फाउन्डेसन | कुसुम के सी | |
| बिराट नेपाल मेडिकल ट्रस्ट | सकी थापा | |
| युवालय | आरोही अधिकारी | |
| हामी दाजुभाइ | वर्षा थापा मगर | |
| चिकित्साशास्त्र अध्ययन संस्थान | डा खेम बहादुर कार्की | |
| योशान ( युथ लेड सेक्सुअल एण्ड रिप्रोड्क्टिभ हेल्थ एण्ड राइट्स एड्भोकेसी नेपाल ) | पुष्पा जोशी | |
| नेत्रहिन युवा सङ्घ नेपाल | निर श्रेष्ठ | |
| उज्यालो फोउन्डेसन | आज्ञा श्रेष्ठ | |
| सुरुवात | अनुप अधिकारी | |
| आइपास नेपाल | सुजन कार्की | |
| हेडस नेपाल | दीर्घ राज श्रेष्ठ | |
| हेडस नेपाल | डा. राजेन्द्र भद्रा | |
| बिकास श्रोत केन्द्र | निकिता शर्मा | |